# महालक्ष्मी राजपत्र


महालक्ष्मी नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड २) कमलपोखरी, आश्विन ७, २०७५ साल अतिरिक्ताङ्क २ (ख)


## भाग-३

### टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका

**प्रस्तावना :** स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन श्रोत तथा अवसरहरुलाई शहरी समाज परिचालन प्रकृया मार्फत अधिकतम परिचालन गरी सामाजिक अन्तर सम्बन्धलाई सुदृढिकरण गर्दै समुदायको आर्थिक, सामाजिक, भौतिक, मानव शंसाधन तथा संस्थागत विकास अभियानहरुलाई परिपुरक, परिपोषक बनाई गरिवी निवारणका प्रयासमा ठोस योगदान पुर्याउनका लागि तोकिएको भौगोलिक क्षेत्रभित्र बसोवास भएका

घरधुरी परिवार समेटी एक परिवार एक सदस्यको अवधारणमा टोलका जनसमुदायहरु संगठीत भई नगरको समग्र विकास कार्यमा सहभागीता, सहकार्य, सहयोग अभिवृद्धि गर्नका लागि वडा मातहत गठन तथा स्थापना भएका टोल विकास संस्थाहरुको भूमिकालाई थप प्रभावकारी वनाउन समन्वय र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

क) यो निर्देशिकाको नाम टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्वन्धी निर्देशिका २०७५ रहनेछ ।

ख) यो निर्देशिका महालक्ष्मी नगरपालिकाको कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

क) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिकालाई जनाउनेछ ।

ख) 'नगरसभा' भन्नाले महालक्ष्मी नगरपालिकाको नगरसभालाई जनाउनेछ ।

ग) "नगर प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई जनाउनेछ ।

घ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

ङ) "समन्वय समिति" भन्नाले सम्वन्धीत वडास्तरमा गठन भएको टोल विकास संस्था समन्वय समितिलाई जनाउनेछ ।

च) टोल विकास संस्था भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्रभित्र रहेका नगरपालिकाको वडा नं १ देखि ९ सम्मका हकमा कम्तीमा ५० र वडा नम्बर १० को हकमा २० धरधुरी परिवार समेटि एक परिवार एक सदस्यको अवधारणमा गठन भई महालक्ष्मी नगरपालिकामा दर्ता भएको सामुदायिक संस्थालाई जनाउनेछ ।

छ)"बचत" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले नियमित रुपमा टोल विकास संस्थामा जम्मा गरेको रकमलाई जनाउनेछ ।

## ३. समन्वय समिति गठनको उदेश्य :

क) समुदायिक संस्थाको रुपमा कार्य गरिरहेका टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गरी स्थानीय स्तरमा सञ्चालन गरिने सामाजिक, आर्थिक, भौतिक विकासका समग्र अभियानमा सक्रिय

सहभागीताको लागि समन्वयात्मक नेतृत्व प्रदान गर्ने ।

ख) टोल विकास संस्थाहरुले आ-आफ्नो क्षेत्रमा सञ्चालन गरेका गरिवी न्यूनिकरण, सुशासन, संस्थागत दिगो विकास, वातावरण संरक्षण, सामाजिक उत्थान, जनचेतन अभिबृद्धि तथा पूर्वाधार सुधार र निर्माणका क्रममाप्राप्त अनुभबहरुबाट एक आपसमा लाभान्वीत हुन सम्बन्धीत सुचना, सल्लाह र सुझाव आदान प्रदान गर्ने ।

ग) नगरपालिका र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी टोल विकास संस्थाहरुको संस्थागत विकास, क्षमताअभिबृद्धि एवं सामाजिक तथा आर्थिक सम्बृद्धि संग सम्बन्धीत विविध कृयाकलापहरु सञ्चालन गर्ने ।

घ) नगरको समग्र विकासमा टोल विकास संस्थाहरुलाई सक्रिय वनाई प्रभावकारी परिचालन गर्ने ।

ङ) समुदायमा सञ्चालन गरिने सामाजिक ,आर्थिक तथा भौतिक पूर्वाधार समेतका समग्र अभियान तथा कार्यक्रमहरु सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

४. **समन्वयव समिति गठन :** वडा स्तरमा देहाय बमोजिमका टोल विकास संस्था वडा समन्वय समिति गठन गरिनेछ ।

क) सम्बन्धीत वडाका वडा अध्यक्ष -संयोजक

ख) सम्बन्धीत वडाका निर्वाचित जनप्रतिनिधिहरु -सदस्य

ग) सम्बन्धीत वडा भित्रका सबै टोल विकास संस्थाका अध्यक्षहरु -सदस्य

घ) वडा क्लवको वडा संयोजक -सदस्य

ङ ) ज्येष्ठ नागरिक मञ्चको वडा संयोजक -सदस्य

च) सम्बन्धीत वडा कार्यालयको सचिव -सदस्य सचिव

आवश्यकता बमोजिम संघ-संस्थाका प्रतिनिधि, विषय संघ सम्बन्धीत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

## ५. समन्वय समितिको काम, कर्तब्य र अधिकार

क) समन्वय समितिको नियमित बैठक दुई महिनामा एक पटक र आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सक्नेछ।

ख) स्थानीय श्रोत शाधन र क्षमतामा आधारित सामाजिक तथा आर्थिक उद्यमतालाई बढवा दिन महालक्ष्मी नगरपालिक तथा टोल विकास संस्थाबीच समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्नेछ।

ग) समन्वय समितिले नगरपालिका, वडा कार्यालय तथा टोल विकास संस्थाहरु संग समन्वय गरी नगरपालिकाको कार्यक्रमतथा योजना प्रकृयामा सहयोग तथा समन्वय गर्नुपर्ने छ।

घ) समन्वय समितिले टोल विकास संस्थाका सदस्यहरुको हितहुने सामाजिक आर्थिक विकासका कृयाकलापहरु सहभागीतामूलक ढंगबाट कार्यान्वयनगर्न टोल विकास संस्थाहरुलाई सहयोग तथा समन्वयगर्नु पर्नेछ।

ङ) समन्वय समितिले टोल विकास संस्थहरुको आर्थिक, सामाजिक, भौतिकपूर्वाधार, मानव शंसाधन तथा दिगो संस्थागत विकासमा आवश्यक समन्वय गर्नु पर्नेछ।

च) टोल विकास संस्थाहरुबीच सहकार्य, समन्वय बढाउने समस्याहरुको समाधानक उपायहरु सुझाउने।

छ) वडाभित्रका सवै वस्ती घरधुरीहरलाई समेटी टोल विकास संस्थामा आवद्ध गराउने । टोल विकास संस्थाहरुको सिमाक्षेत्र लाई भौगोलिक तथा जनसंख्या (घरपरिवार) का आधारमा आवश्यकता र उपयूक्तता हेरी थप/ घट/समाहित समेत गरी समायोजन गर्ने।

ज) नगरपालिकाद्धारा प्रदानगरिने सेवासुबिधा टोल विकास संस्थामार्फत सदस्यहरुको घरदैलो सम्म पुर्याउन, पहुँच बढाउन प्रभावकारी कार्यान्वयनका लाीग पहल गर्नु पर्नेछ।

झ) समन्वय समितिले आवश्यकताअनुसार उप समिति गठन गरी कार्य गराउन सक्नेछ ।

ञ) नगरसभा तथा नगरकार्यपालिकाका निर्णयहरु कार्यान्वयन गर्ने/गराउने।

ट) कर, शुल्क, दस्तुर समेतका श्रोतका दायरा फराकिलो बनाउदै असुली एवं संकलन कार्यलाई प्रभावकारी बनाउन नगरपालिका, वडा र टोल विकास संस्थाबीच साझेदारी र सहकार्यमा पहल गर्ने।

६. **समन्वय समितिका पदाधिकारीहरुको काम,कर्तब्य र अधिकारः**

क) संयोजकको काम कर्तव्य र अधिकार :

संयोजक समन्वय समितिको प्रमुख हुनेछ । समन्वय समितिलाई व्यवस्थित रुपले परिचालन गर्ने सम्बन्धमा समन्वय समितिको संयोजकको काम, कर्तब्य र अधिकार निम्न बमोजिम हुनेछ :

१) समन्वय समितिको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थान तय गर्ने ।

२) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने/गर्न लगाउने ।

४) छलफल हुदा सबैको विचार बुझि सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) बैठकमा आवश्यक प्रस्ताव पेश गर्ने ।

६) सहयोगी तथा अन्य निकायहरुसंग समन्वय गर्ने ।

७) नगरपालिकाको वार्षिक तथा आवधिक योजनानिर्माण गर्न सहभागीतात्मक नगर विकास योजन तर्जुमा तथा सञ्चालन प्रकृया अवलम्बन गर्न समन्वय गर्ने ।

८) नगरपालिकाबाट प्रवाह हुने टोल स्तरबाटै व्यवस्थापन गर्न सकिने प्रकृतिका सेवा सुविधाहरु प्रवाह गर्न टोल विकास संस्थालाई परिचालित हुनमा सहयोग गर्ने ।

९) विपन्न, दलित, आदिवासी, जनजाती तथा महिलालाई मूल प्रवाही करणमा ल्याउन सहयोग तथा समन्वय गर्ने ।

१०) नगरपालिका,वडा तथा अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने विभिन्न विकास निर्माण, क्षमता अभिबृद्धि तथा सामुदायिक हितका कार्यहरुलाई टोल विकास संस्थामार्फत कार्यान्वयन गर्न/गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

११) टोल विकास संस्थालाई आवश्यकता अनुसार सहयोग गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ख) सदस्य सचिवको काम,कर्तब्य र अधिकार

१) संयोजकको आदेशानुसार बैठक बोलाउने ।

२) बैठक पुस्तिकामा उपस्थिति गराउने ।

३) छलफलका प्रस्तावहरु संकलनगरी बैठकमा पेश गर्न संयोजकलाई सहयोग गर्ने ।

४) बैठकका निर्णयहरु लेखी व्यवस्थित गर्ने ।

५) टोल विकास संस्थालाई प्रभावकारी परिचालनका लागि आवश्यक सहयोग गर्ने ।

ग) सदस्यहरुको काम,कर्तब्य र अधिकार

१) बैठकमा उपस्थित भई छलफलमा भाग लिने ।

२) आफ्नो टोल विकास संस्थामा भएका निर्णयहरुको बारेमा समन्वय समितिको बैठकमा जानकारी गराउने ।

३) आवश्यकता अनुसार समन्वय समिति सञ्चालनका लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने ।

४) आवश्यकता अनुसार संयोजक र सदस्य सचिवलाई सघाउने ।

५) समन्वय समितिमा भएका निर्णयहरु टोल विकास संस्थाको बैठंकमा जानकारी गराउने र कार्यान्वयन गर्ने ।

७. **निर्देशिकाको व्याख्या:** यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार महालक्ष्मी नगरपालिकामा निहित रहनेछ । यो निर्देशिकालाई नगर कार्यपालिकाले आवश्यकतानुसार संसोधन गर्न सक्नेछ ।

८. **खारेजी तथा बचाउ :** "टोल विकास संस्थानगर तथा वडा समन्वय समित सञ्चालन निर्देशिका २०६८" खारेज गरिएको छ । साथै उक्त निर्देशिका बमोजिम भएका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

प्रमाणिकरण मिति : २०७५/६/७

नगरकार्यपालिकाको तर्फबाट,
लक्ष्मी प्रसाद रेग्मी
महालक्ष्मी नगरकार्यपालिकाको सचिव

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. २०।-